नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(.............................................................शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

प्राप्त पत्र संख्या :-

पत्र संख्या

चलानी नं. :-

रामशाहपथ,

काठमाडौं, नेपाल ।

मिति :- ....................................

विषय :-

## विज्ञप्ति

मित्र राष्ट्र चीनको हुवेइ प्रान्तको उहानवाट उत्पत्ति भई विश्वका विभिन्न २४ देशमा सभेत देखिएको 2019-nCOV भाइरसको वढी प्रभाव चीनका २२ प्रान्तमा विस्तार भएको छ । विशेष गरी 2019-ncov को प्रभाव हुवेइ प्रान्तमा नै सङ्ख्यात्मक रूपमा उल्लेखनीय रहेको छ ।

कोरोना भाइरसको प्रभाव नेपालमा पर्न नदिनका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सम्वद्ध अन्य मन्त्रालय र निकायहरूसँग निकटमा रही काम गरिरहेको छ । नेपालमा आजका मितिसम्म शङ्कास्पद १८ जनामा परीक्षण गरिएकामा १७ जनामा सङ्क्रमणको कुनै लक्षण देखिएन भने सङ्क्रमण देखिएका १ जना पनि पुनः परीक्षणमा नेगेटिभ देखिइ पूर्ण स्वस्थ हुनु भएको जानकारी प्राप्त भएको छ ।

चीनको हुवेई प्रान्तमा अध्ययन तथा विभिन्न काममा रहेका नेपालहरूलाई स्वदेश फर्काउने सन्दर्भमा नेपाल सरकारले तोकेका क्वारेन्टाइन स्थलमा सङ्क्रमण फैलन नदिनका लागि उच्च सतर्कताका साथ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, रक्षा मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, सहरी विकास मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समन्वय तथा सहकार्यमा काम भइरहेको छ ।

आम सरोकारवाला नागरिकहरूमा मन्त्रालयले निम्न कुरामा आश्वस्त गराउन चाहन्छ :-

१. चीनवाट आइपुगेका नेपालीहरुको त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थलमा स्वास्थ्य परीक्षण गरी रोगको शंका लागेमा नीजहरूलाई अस्पतालमा लगिने र रोगको लक्षण नभएकालाई मात्र क्वारेन्टाइन स्थलमा लगिनेछ

२. 2019-ncov प्रभावित चीनको हुवान लगायतका सहरहरूवाट ल्याउने नेपाली विद्यार्थीहरू कोरोना (Corona) रोगवाट संक्रमित होइनन् ।

३. यो रुघाखोकी जस्तै सर्नका लागि व्यक्तिवाट व्यक्तिमा एक मिटरको दुरीमा मात्र सम्भव छ ।

४. क्वारेन्टाइनमा उपयोग गरिने तालिम केन्द्रका भवन, कोठाहरू, प्रयोग गरिएका सामानहरूको उचित सङ्क्रमण रोकथाम (Disinfection) व्यवस्था गरिएको छ ।

५. क्वारेन्टाइनमा रहेका विद्याथीहरूको नियमित स्वास्थ्य जाँच गरी शंकास्पदहरूको प्रयोगशाला (Lab) परीक्षण गर्ने व्यवस्था गरिएको छ ।

६. कसैलाइ रोग लागेको शंका हुनासाथ त्यहाँवाट उपचारका लागि अस्पतालहरुमा आइसोलेसन राख्ने व्यवस्था गरिएको छ ।

७. यस प्रकारको रोग सर्न नदिनका लागि विश्व स्वास्थ्य संगठनले सार्वजनिकीकरण गरेका विभिन्न स्तरीय कार्ययोजनाहरू मुताविक कार्यहरूलाई एकीकृत रूपमा पालना गरिएको छ ।

८. सर्वसाधारणको स्वास्थ्यलाई मध्यनजर गरी तोकिएको अवधिभित्र त्यस्ता व्यक्ति स्वस्थ भए पनि अन्तर्राष्ट्रिय स्वास्थ्य नियमावली र विश्व स्वास्थ्य सङ्गठनको प्रोटोकलअनुसार सम्पर्कमा आउन नमिल्ने गरी राखिनेछ ।

सम्पूर्ण नेपालीहरूको स्वास्थ्य सुरक्षाका विषयमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय संवेदनशील एवं जिम्मेवार रहने पनि सर्वसाधारणमा अनुरोध छ ।

(महेन्द्र प्रसाद श्रेष्ठ)
प्रवक्ता

मिति: २०७६/१०/२९

Scanned by CamScanner